# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं जेठ २९ गते, २०६९ साल (अतिरिक्ताङ्क ९क

## भाग ५

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री राजेन्द्र महतो सन् २०१२ को जुन १४ देखि १५ सम्म अमेरिकामा आयोजना हुने Child Survival Call to Action विषयक कार्यक्रममा भाग लिन मिति २०६९।२।२९ मा त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय शान्ति तथा पुनर्निर्माण मन्त्री टोपबहादुर रायमाझीले सम्हाल्ने गरी तोक्नु भएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
माधवप्रसाद घिमिरे
मुख्यसचिव

मुद्रण विभाग, सिंहदरबार काठमाण्डौमा मुद्रित मूल्य रू. ५।-
गो.हु.द.नं. १६/०६२/६३

९६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं, जेठ ३१ गते, २०६९ साल (अतिरिक्ताङ्क ९क+१

## भाग ५

नेपाल सरकार

### अर्थ मन्त्रालयको
### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी ग्रामीण क्षेत्रका लागि संयुक्त लक्ष्य, नेपालद्वारा सञ्चालित स्वास्थ्य कार्यक्रमका लागि DWLF, Germany बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ७,५२९.६४ (सात हजार पाँच सय उनान्तीस सेन्ट चौसट्ठी) मूल्य वराबरका स्वास्थ्य सामग्री आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी अन्य महसुल तथा करहरु छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

९६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी Health Care Foundation, Nepal द्वारा सञ्चालित National Kidney Center का लागि Fresenius Medical Care, Korea बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर २०,०००.०० (बीस हजार) मूल्य बराबरका पाँच थान Hemodialysis Machine आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी अन्य भन्सार महसुल छूट दिने र Mrs. Beate Vogt-DNG, Goslar, Germany बाट उपहार स्वरुप प्रदान गरिने युरो ८,०००.०० (आठ हजार) मूल्य बराबरको एक थान Water Treatment Device (Osmosis machine) आयातको हकमा एक प्रतिशत भन्सार महसुल असुल गरी अन्य महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी समुदायमा आधारित पुनर्स्थापना सेवा, पोखराद्वारा सञ्चालित अपाङ्ग सम्बन्धी कार्यक्रमका लागि The Volunteers Group to Send Wheelchairs to Overseas Children, Japan बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ११,१२०.०० (एघार हजार एक सय बीस) मूल्य बराबरको Wheelchairs, Air Pumps for Wheelchairs र Empty Container आयात गर्दा Wheelchairs को हकमा मूल्य अभिवृद्धि कर छूट दिने र Air Pumps for Wheelchairs तथा Empty Container को हकमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल, थापाथलीका लागि Latter-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Day Saint Charities, U.S.A. बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १६,१७४.९० (सोह्र हजार एक सय चौहत्तर सेन्ट नब्बे) मूल्य बराबरको स्वास्थ्य उपकरण आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी धुलिखेल अस्पताल, काभ्रेद्वारा सञ्चालित कार्यक्रमका लागि NepaliMed Dutschland, Germany बाट उपहार स्वरुप प्रदान गरिने युरो ५५,०००.०० (पचपन्न हजार), Zumtobel Lighting GmbH, Austria बाट उपहार स्वरुप प्रदान गरिने युरो २२,७४५.९२ (बाइस हजार सात सय पैंतालीस सेन्ट बयानब्बे), NepaliMed-Schweiz, Switzerland बाट उपहार स्वरुप प्रदान गरिने युरो २५,०२६.०० (पच्चिस हजार छब्बीस), Rotary Australia World Community Service Ltd., Australia बाट उपहार स्वरुप प्रदान गरिने अस्ट्रेलियन डलर २०,७०५.०० (बीस हजार सात सय पाँच) तथा Wolf Vision GmbH, Austria बाट उपहार स्वरुप प्रदान गरिने युरो २,६७३.०० ( दुई हजार छ सय त्रिहत्तर) मूल्य बराबरको स्वास्थ्य सामग्री तथा उपकरण आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी आरोग्य प्रतिष्ठान, ललितपुरका लागि Fresenius Medical Care Asia-Pacific Limited, Hong Kong बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ५१,५००.०० (एकाउन्न हजार पाँच सय) मूल्य बराबरको आठ थान Hemodialysis Machine आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी मानव विकास तथा सामुदायिक सेवा, ललितपुरद्वारा सञ्चालित चौरजहारी अस्पताल, रुकुमका लागि TEAM, U.S.A. बाट उपहार स्वरुप प्रदान गरिने युरो ९,८४३.१२ (नौ हजार आठ सय त्रिचालीस सेन्ट बाह्र) मूल्य बराबरका स्वास्थ्य उपकरण आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी काठमाडौं महानगरपालिकाका लागि मित्र राष्ट्र चीनको स्वसाशित क्षेत्र तिब्बतको ल्हासा नगरपालिकाबाट सहयोग स्वरुप प्रदान गरिने करिब RMB ८,००,०००.०० (आठ लाख) मूल्य बराबरको एक सय थान सौर्य वत्तीका उपकरण आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरि एको छ ।

## सूचना ९

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार तथा फिनल्याण्ड सरकारबीच सम्पन्न सम्झौता अनुसार सञ्चालित ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनामा Capacity Building and Monitoring Specialist को रुपमा नियुक्त भई आउने फिनल्याण्डका नागरिक Ms. Rose Thompson Coon ले आफ्नो साथमा निजी प्रयोजनका लागि ल्याउने



९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

किताव, लत्ताकपडा लगायतका सामानहरुमा लाग्ने भन्सार महसुल तथा अन्य करहरु पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १०

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री विन्ध्यवासिनी उच्च माध्यामिक विद्यालय, पोखरा-१६, कास्कीका लागि TATA Motors Ltd., India बाट खरिद गरिने भा.रु. १०,४२,०००.०० (दश लाख बयालिस हजार) मूल्य बराबरको TATA LP 909/49-40 Seater Marcopolo School Bus थान एक आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी अन्य महसुल, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ११

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी संयुक्त राष्ट्र संघको अनुरोधमा सशस्त्र प्रहरीवलको तर्फबाट Formed Police Unit को रुपमा लाईवेरियामा शान्ती स्थापनार्थ खटिई जाने सशस्त्र प्रहरीको प्रयोगको लागि United Nations Logistics Base Brindisi, Italy बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ८,३८४.०४ (आठ हजार तीनसय चौरासी सेन्ट चार) मूल्य बराबरको Beret समेतका सामग्रीहरु आयातमा एक प्रतिशत भन्सार महसुल असूल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १२

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल उद्योग वाणिज्य महासंघ, कृषि उद्यम केन्द्रका लागि International Centre for Bamboo and Rattan (ICBR), China को सहकार्य, International Network for Bamboo and Rattan (INBAR), China को प्राविधिक सहयोग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा Common Fund for Commodity (CFC), The Netherlands को अनुदान सहयोगमा खरिद भई Zhejiang Winsun Imp & Exp Co. Ltd., China बाट आयात गरिने अमेरिकी डलर ४,०६,५३४.१८ (चार लाख छ हजार पाँच सय चौंतिस सेन्ट अठार) मूल्य बराबरको बाँसको वजारीकरण अभिवृद्धि गर्दै घर निर्माण कार्यक्रम सञ्चालनका लागि प्रयोग गरिने चाइनिज प्रविधिको मेशिन तथा उपकरणको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
कृष्णहरि वास्कोटा
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।०६३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।